आज मिति २०७७ कार्तिक २७ गते बिहीबारका दिन बिहान ८.०० बजे यस लमही नगरपालिकाका नगरप्रमुख श्री कुलबहादुर के.सी.ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उपप्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री नोखिराम ओली | सचिव | |

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

## मिति २०७७।०७।२७ गते  बसेको नगर कार्यपालिका बैठकको निर्णयहरु :

**निर्णय नं. १ :** लमही नगर कार्यपालिकाको कार्यालयको रोजगार सेवा केन्द्रबाट पेश भएको प्राथमिकताक्रम अनुसारको बेरोजगार व्यक्तिहरुको सूची स्वीकृत गर्ने ।

**निर्णय नं. २ :** गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालनको लागि संघीय निर्देशिका बमोजिम उद्यम विकास समिति गठन गर्ने र गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम सेवा करारमा २ जना उद्यम विकास सहजकर्ता लिनको लागि ७ (सात) दिनको म्याद राखि सूचना प्रकाशित गरी निर्देशिका तथा लमही नगरपालिकाको करारमा कर्मचारी व्यवस्थापन सम्वन्धि कार्यविधि, २०७५ अनुसार छनौट गर्न स्वीकृती दिने ।

**निर्णय नं. ३ :** विपक्षी लमही नगर कार्यपालिकाको कार्यालय, लमही, दाङ समेत भएको उत्प्रेषण/परमादेश मुद्दामा (मुद्दा नं. 77-WO-0017) सम्मानित  श्री उच्च अदालत तुल्सीपुर, दाङबाट जारी भएको १५ दिने म्याद २०७७।०७।२६ गते तामेल भई पाएकोले  लमही नगर कार्यपालिकाको कार्यालय र लमही नगरपालिकाका मेयर कुल वहादुर के.सी. समेतको तर्फबाट सम्मानित श्री उच्च अदालत तुल्सीपुर, दाङमा उपस्थित भई लिखित जवाफ प्रस्तुत गर्न, तारेखमा अदालतमा उपस्थित हुन, कानुन व्यवसायी नियुक्त गर्न र मुद्दा पुर्पक्ष समेतको लागि  यस लमही नगरपालिकाका कार्यालयमा सहायक स्तर चौथों तहमा कार्यरत सह लेखापाल श्री हरिराम रावतलाई प्रतिनिधि नियुक्त गरी पठाउने ।

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

कुल बहादुर खत्री क्षेत्री
नगर प्रमुख

निर्णय नं. ४ : घरेलु तथा साना उद्योग कार्यालय, दाङको पत्रानुसार सीप विकास कार्यक्रमको विषय ढाका बुनाई तालिम निर्धारण गर्ने र सो तालिम लमहीमा संचालन गर्न सिफारिस गर्ने र तालिममा सहभागि छनोटको लागि प्रत्येक वडाबाट बढिमा २ जना सिफारिस गरी पठाउन वडा कार्यालयलाई पत्राचार गर्ने । प्राप्त मध्येबाट कार्यालयले १५ (पन्ध्र) जना प्रशिक्षार्थी सिफारिस गरी पठाउने ।

निर्णयन नं. ५ : लमही नगरपालिका वडा नं. २, श्रीगाउँमा श्री सगरमाथा फिक्स चिम्नी ईट्टा उद्योग, संचालन अनुमतिकको लागि सम्बन्धित निकायमा सिफारिसको लागि यस कार्यपालिकाको मिति २०७६।११।०२ गतेको बैठकले दावीविरोधको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरेकोमा सो सूचना अनुसार कुनै पनि दावि नपरेको र लमही नगरपालिका ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि,२०७५ को दफा ८ मा भएको व्यवस्था अनुसार गठन भएको छानविन समितिले सो उद्योग संचालनमा कुनै वाधा नभएको व्यहोरामा प्रतिबेदन पेश गरेकोले लमही नगरपालिका ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सिफारिस गर्ने सम्बन्धी कार्यविधि,२०७५ को दफा १५ अनुसार लमही नगरपालिका वडा नं. २, श्रीगाउँमा श्री सगरमाथा फिक्स चिम्नी ईट्टा उद्योग स्थापना तथा संचालनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

निर्णय नं. ६ : कोरोना भाइरस सङ्क्रमण देखिएका तर आफ्नो घरमा आइसोलेसनमा बस्न समस्या भएका व्यक्तिहरुलाई राख्नको लागि लमही नगरपालिका वडा नं. ५ मा रहेको नेत्रलाल स्मृति केन्द्रको भवनमा आइसोलेसन संचालन गर्ने । सो आइसोलेसन संचालन तथा व्यवस्थापनको लागि सि.अ.हे.व. लालमणि सुवेदीलाई जिम्मेवारी तोक्ने । अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रबाट आवश्यक जनशक्ति व्यवस्था गर्ने र त्यसवाट पनि अपुग भएमा स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगी आइसोलेसन संचालन हुदासम्मको लागि दैनिक ज्यालादारीमा सेवा करारमा लिने । सो आइसोलेसन संचालनको लागि आवश्यक स्वास्थ्यकर्मी र सुरक्षाकर्मीका बस्नको लागि Duty Station र क्वारेन्टिनको लागि भवन भाडामा लिने । साथै खाना, औषधी सामग्री खरिद, धारा, विजुली, लगायतका शिर्षकमा आवश्यक खर्च गर्ने स्विकृती दिने र सोको लाई आवश्यक पर्ने रकम कोभिड व्यवस्थापन कोषबाट खर्च भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ७ :** सिंचाई, डुवानबाट बचाउन तथा विद्युत सेवा व्यवस्थित गर्ने लगायतका कार्यमा माग भई आए अनुसारका तपसिलका सामग्री, मेशिन खरिदको लागि देहायको शिर्षकबाट रकम व्यवस्था गरी भुक्तानी दिने ।

| क्र.सं. | माग गर्ने संस्था निकाय | आवश्यक सामग्री | आवश्यक रकम | सो व्यहोर्ने बजेट उपशिर्षक |
|---|---|---|---|---|
| १ | राप्ती सामूहिक सिंचाई संघ, एस डि. ५ डिप बोरिङ, लमही १ | १ थान मोटर डिप बोरिङको लागि | ४ लाख | समपुरक कोष ३११५९ |
| २ | राप्ती सामूहिक सिंचाई संघ, एस पि. १, लमही ३ | ३ थान ३० एम.एम.को होम पाइप | इस्टिमेट बमोजिमको रकम | |
| ३ | ६ नं. वडा कार्यालय | २ थान ४५ एम एम का होम पाइप | इस्टिमेट बमोजिमको रकम | |
| ४ | नगरपालिका भित्र | विद्युत पोल १० थान | इस्टिमेट बमोजिमको रकम | |

**निर्णय नं. ८ :** वडा प्रहरी कार्यालय लमहीको च.नं. ३५ मिति २०७७०७२३ गतेको पत्रवाट अनुरोध भई आएअनुसार सो कार्यालयको ना १ भ १२३७ नं. को सवारी साधन मर्मत बापतको रकम भ्याट विलमा रहेको बिल बमोजिमको रकम भुक्तानी दिने ।

**निर्णय नं. ९ :** नगर कार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियरीङ सेवा तर्फका प्राविधिक कर्मचारीहरुलाई मंसिर महिना देखि मासिक सुरु तलबको २५ प्रतिशत फिल्ड भत्ता र मासिक १० लिटर पेट्रोल उपलब्ध गराउने ।

**निर्णय नं. १० :** मास्कको प्रयोग बढाई कोरोना भाईरसको सङ्क्रमण फैलनबाट केहि हद सम्म सफलता प्राप्त गर्न सकिने मान्यता अनुसार घर बाहिर निस्कदा अनिवार्य मास्कको प्रयोग गर्नुपर्ने व्यवस्था मिलाउने तथा मिलाउन लगाउने र सो नगरेमा रु १०० (एक सय मात्र) जरिवाना रकम काटनको लागि लमही नगर कार्यपालिकाको कार्यालयबाट नगदी रसिद (म.ले.प.फा. ११) वडा प्रहरी कार्यालय लमही लाई उपलब्ध गराउने ।

**निर्णय नं. ११ :** लमही अस्पतालको छेउमा प्रदेश सरकारबाट ट्रमा सेन्टर निर्माणको लागि टेण्डर समेत आवहान भइसकेकाले तुरुन्त साईट खाली गर्न आवश्यक व्यवस्था मिलाउने ।

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

Scanned with CamScanner